नेपाल सरकार

अर्थ मन्त्रालय

(योजना, अनुगमन तथा मूल्याँङ्कन महाशाखा)

प.सं.

च.नं.

मितिः २०८०/०७/२२

नेपाल सरकार
अर्थ मन्त्रालय
सिंहदरबार, काठमाडौं

## प्रेस विज्ञप्ति

महालेखा नियन्त्रक कार्यालयले आर्थिक वर्ष २०७९/८० को आन्तरिक लेखापरीक्षणको एकीकृत वार्षिक प्रतिवेदन मिति २०८०/०७/२२ गते माननीय अर्थमन्त्री डा. प्रकाश शरण महत समक्ष पेश गरेको छ। आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ३३(११) बमोजिम उक्त प्रतिवेदन महालेखा नियन्त्रक कार्यालयको तर्फबाट महालेखा नियन्त्रक हरिप्रसाद मैनालीले माननीय अर्थमन्त्री डा. प्रकाश शरण महतलाई पेश गर्नुभएको थियो।

प्रतिवेदन पेश गर्दै महालेखा नियन्त्रकले लेखापरीक्षणबाट देखिएको व्यहोरा फछ्र्यौटका सम्बन्धमा संलग्न सबै जिम्मेवार भई वित्तीय अनुशासन कायम गर्न जोड दिनुपर्ने धारणा व्यक्त गर्नुभयो।

प्रतिवेदन ग्रहण गर्दै माननीय अर्थमन्त्री डा. प्रकाश शरण महतले आन्तरिक लेखापरीक्षण वित्तीय अनुशासनको महत्वपूर्ण औजार भएकोले लेखापरीक्षणबाट देखिएको व्यहोरा न्यून गर्दै शून्य बेरूजु कायम गर्नेतर्फ संलग्न सबैले आ-आफ्नो भूमिका निर्वाह गर्नुपर्ने धारणा व्यक्त गर्नुभयो। उक्त अवसरमा अर्थ मन्त्रालयका सचिवहरू सहित उच्च पदस्थ अधिकृतहरूको उपस्थति रहेको थियो।

२०८०/०७/२२

धनिराम शर्मा

सहसचिव एवम् प्रवक्ता